# जोखिम सञ्चार तथा सामुदायिक सहभागिता निर्देशिका, २०७८

(मा. मन्त्री स्तरबाट स्वीकृत मिति २०७८/०३/२१)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाण्डौ

# जोखिम सञ्चार तथा सामुदायिक सहभागिता निर्देशिका, २०७८

<u>प्रस्तावना:</u> जनस्वास्थ्य विपद् तथा महामारीको रोकथाम र नियन्त्रणमा जोखिम सञ्चार तथा सामुदायिक सहभागिताको महत्वपूर्ण भूमिका रहेकोले जोखिम सञ्चारलाई एक मूल क्षमताका रूपमा विकास गरी जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४८ र ४९ तथा जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम २८ अनुसार आवश्यक व्यवस्था गर्न जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ को अधिकार प्रयोग गरी मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

### <u>१. संक्षिप्त नाम र प्रारम्भ:</u>

(१) यस निर्देशिकाको नाम "जोखिम सञ्चार तथा सामुदायिक सहभागिता निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

<u>२. परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा :

(क) **"जोखिम सञ्चार"** भन्नाले सम्बन्धित विज्ञ वा अधिकारिक व्यक्ति र आफ्नो जिउधनको सुरक्षा तथा आर्थिक र सामाजिक आरोग्यताको खतरा वा प्रकोपका सामना गरिरहेका नागरिकबीच तत्काल दिइने सूचना, जानकारी, परामर्श र रायसुझावको आदानप्रदान सम्झनुपर्दछ।

(ख) **"सामुदायिक सहभागिता"** भन्नाले प्रभावित वर्गको चासो, सरोकार, दृष्टिकोण, विश्वासका साथै जनस्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने कार्यमा हुने अवरोधहरू बुझ्न र सोको सम्बोधनका लागि गरिने दोहोरो सञ्चार, समुदायका सदस्यहरू तथा स्वयंसेवकहरूको सहभागिता बुझ्नुपर्छ।

(ग) **"आरसिसिई"** भन्नाले जोखिम सञ्चार तथा सामुदायिक सहभागितालाई छोटकरीमा जनाउने अंग्रेजीको Risk Communication and Community Engagement को संक्षिप्त रूप सम्झनुपर्छ।

(घ) **"निर्देशिका"** भन्नाले जोखिम सञ्चार तथा सामुदायिक सहभागिता निर्देशिका, २०७८ सम्झनुपर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनुपर्छ।

(च) **“महानिर्देशक”** भन्नाले स्वास्थ्य सेवा विभागका महानिर्देशक सम्झनुपर्छ।

<u>३. निर्देशिकाको उद्देश्यः</u> (१) संघीय सरकारको जोखिम सञ्चार तथा सामुदायिक सहभागिता संयन्त्रको स्थापना गर्नु।

(२) प्रदेश, जिल्ला र स्थानीय तहमा जोखिम सञ्चार तथा सामुदायिक सहभागिता संयन्त्रको स्थापना गर्न मार्गनिर्देशन गर्नु।

(३) जनस्वास्थ्य महामारी/विपद्को बेला समन्वयात्मक जोखिम सञ्चार तथा सामुदायिक सहभागिताको सुनिश्चितताको लागि दिशानिर्देश गर्नु।

## परिच्छेद २

## <u>संघीय आरसिसिई इकाईको गठन तथा काम, कर्तव्य र अधिकार</u>

<u>४. संघीय जोखिम सञ्चार तथा सामुदायिक सहभागिता इकाई</u>

(क) संघीय स्तरमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रको निर्देशकको संयोजकत्वमा निम्न बमोजिम सदस्यहरू रहको एउटा संघीय आरसिसिई इकाईको गठन गरिनेछ। (अनुसूची १)

(१) जोखिम सञ्चार तथा सामुदायिक सहभागिता संयोजक

(२) विपद्\महामारी सूचना संयोजक

(३) मिडिया संयोजक

(४) विषयसामग्री तथा सन्देश संयोजक

(५) प्रत्यक्ष जनसम्पर्क संयोजक

(६) साझेदार\सरोकारवाला संयोजक

(७) हल्ला तथा गलत सूचना\अफवाह नियन्त्रण संयोजक

(ख) विपद् सूचना अधिकारी इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अन्तर्गतको इपिडिमियोलोजी तथा महामारी व्यवस्थापन शाखा प्रमुख हुनेछन्।

(ग) आरसिसिई इकाईका अन्य सदस्यहरू स्वास्थ्य सेवा विभागका महानिर्देशकको अध्यक्षतामा बस्ने नियमित बैठकले तोक्नेछ। मन्त्रालय अन्तर्गत कार्यरत स्वास्थ्य सेवाका प्राविधिक कर्मचारीहरूबाट आरसिसिई इकाईमा रही काम गर्नको लागि थप जिम्मेवारी दिने गरी तोकिनेछ।

(घ) संघीय आरसिसिई इकाईको संयोजक र अन्य सदस्यहरूको कार्यविवरण अनुसूची २ मा तोकिएबमोजिम हुनेछ।

(ङ) महानिर्देशकको निर्देशानुसार संघीय आरसिसिई इकाईमा रहेर काम गर्न तोकिएका प्राविधिक कर्मचारीहरूलाई थप जिम्मेवारीमा रही काम गर्नको लागि निज कार्यरत निकायलाई पत्राचार गरिनेछ।

(च) आरसिसिई इकाईमा रही काम गर्न तोकिएका कर्मचारीको कार्यसम्पादन सन्तोषजनक नभएमा महानिर्देशकको अध्यक्षतामा बस्ने नियमित बैठकले निजको स्थानमा अन्य कर्मचारीलाई तोक्नेछ।

<u>५. संघीय आरसिसिई इकाईको काम, कर्तव्य र अधिकारः</u> संघीय आरसिसिई इकाईको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहनेछः

(क) संघीय आरसिसिई इकाईले जनस्वास्थ्य आपत्काल\विपद्का सबै चरणमा (पूर्वतयारी अवस्था, प्रतिकार्यको अवस्था र विपद्\महामारी पश्चात्को अवस्था) संचार र सामुदायिक सहभागितका कार्य गर्ने।

(ख) संघीय आरसिसिई इकाईले जोखिम संचार तथा सामुदायिक सहभागिता सञ्चालन मार्गदर्शन, योजना तथा कार्यविधि विकास गर्ने।

(ग) बहुक्षेत्रीय आपत्कालिन जोखिम संचार योजना तयार गर्ने।

(घ) संघीय आरसिसिई इकाईले प्रदेश, जिल्ला र स्थानीय तह अन्तर्गतका आरसिसिई इकाईसँग समन्वय गर्ने।

(ङ) जोखिम संचार तथा सामुदायिक परिचालनसँग सम्बन्धित सरोकारवालाहरूको पहिचान गरी डाटाबेस कायम गर्ने।

(च) जोखिम संचार तथा सामुदायिक परिचालनका असल अभ्यासहरू र सिकाइलाई अभिलेखीकरण गर्दै स्वास्थ्यकर्मी, नागरिक समाज र नीजि क्षेत्रसँग सञ्चार तथा समन्वय गर्ने।

(छ) जनस्वास्थ्य महामारी\विपद्को समयमा मन्त्रालयका प्रवक्तालाई सहयोग र सहजीकरण गर्ने।

(ज) आवश्यकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग समन्वय गर्ने।

(झ) जोखिम संचार तथा सामुदायिक परिचालनको लागि समुदायको सक्रिय सहभागिता बढाउन आवश्यक समन्वय तथा सहजिकरण गर्ने।

(ञ) प्राकृतिक वा मानवसृजित विपद्\महामारीको रोकथाम, प्रतिकार्य र न्यूनीकरणको लागि स्वास्थ्य सन्देशहरू उत्पादन, प्रसारण तथा प्रकाशन गर्न समन्वय गर्ने।

(ट) संघीय आरसिसिई इकाईले समन्वयको लागि अन्य विषयगत मन्त्रालय र निकायका सम्बन्धित विभागका प्रतिनिधि वा बिषयविज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(ठ) जनताका धारणा, जोखिम व्यवहार र गलत सूचनाका बारे जानकारी लिई ती सूचनाहरूको व्यवस्थित ढङ्गबाट विश्लेषणको आधारमा प्रतिकार्य योजना विकास गर्ने।

६. प्रदेश, जिल्ला र स्थानीय तहमा आरसिसिई इकाई र आरसिसिई सम्पर्क व्यक्तिसम्बन्धी व्यवस्था:

(क) प्रदेशको निर्णयानुसार प्रदेश आरसिसिई इकाईको गठन गरिनेछ।

(ख) जिल्लास्थित स्वास्थ्य कार्यालयका कार्यालय प्रमुख वा निजले तोकेको व्यक्तिले आरसिसिई सम्पर्क विन्दुको रूपमा काम गर्नेछन्।

(ग) स्थानीय तहमा स्वास्थ्य शाखाका प्रमुखले आरसिसिई सम्पर्क विन्दुको रूपमा काम गर्नेछन्।

(घ) प्रत्येक वडामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू तथा अन्य संघसंस्थामा आबद्ध कर्मचारी र स्वयंसेवकहरूले आरसिसिई स्वयंसेवकको रूपमा काम गर्नेछन्।

७. संघीय आरसिसिई इकाई, प्रदेश आरसिसिई इकाई र स्थानीय आरसिसिई सम्पर्क विन्दु संचार प्रवाह र समन्वय

(क) संघ, प्रदेश, जिल्ला तथा स्थानीय तहमा रहेका आरसिसिई इकाई र आरसिसिई सम्पर्क विन्दुबीचको संचार प्रवाह र समन्वय अनुसूची ३ मा तोकिएबमोजिम हुनेछ।

## परिच्छेद ३

## क्षमता विकास/तालिम

८. जोखिम सञ्चार तथा सामुदायिक सहभागितासम्बन्धी तालिमः

(क) आरसिसिई इकाईका सदस्यहरूको लागि तालिमको व्यवस्था गरिनेछ।

(ख) आरसिसिई इकाईले संघ, प्रदेश र स्थानिय तहका सम्बन्धित स्वास्थ्यकर्मी, नेतृत्व वर्ग तथा सरोकारवालालाई आरसिसिईसम्बन्धी तालिम/अभिमुखिकरण सञ्चालन गर्न सम्बन्धित निकायहरूसँग समन्वय गरी प्राविधिक सहयोग गर्नेछ।

## परिच्छेद ४

## बजेट तथा खर्च

९. बजेट तथा खर्चको व्यवस्थाः

(क) संघीय जोखिम सञ्चार तथा सामुदायिक सहभागिता गतिविधिहरूको सञ्चालनका लागि आवश्यक पर्ने बजेट मन्त्रालय तथा स्वास्थ्य सेवा विभाग अन्तर्गतका सम्बन्धित निकायहरूको वार्षिक बिनियोजित बजेटबाट हुनेगरी व्यवस्था गरिनेछ। संघीय आरसिसिई इकाईले यसका लागि आवश्यक पर्ने बजेट वार्षिक योजना तर्जुमा अगावै महानिर्देशकको अध्यक्षतामा बस्ने नियमित बैठकमा पेश गर्नेछ र सो अनुरूप सम्बन्धित निकायले वार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ।

(ख) प्रदेश र जिल्लाका आरसिसिई इकाईको लागि आवश्यक पर्ने बजेटको व्यवस्था सम्बन्धित प्रदेशको स्वास्थ्य विषय हेर्ने मन्त्रालय र स्वास्थ्य निकायहरूको वार्षिक बजेटबाट गरिनेछ।

(ग) स्थानीय आरसिसिई इकाईको लागि आवश्यक पर्ने बजेटको व्यवस्था स्थानीय स्वास्थ्य इकाईको समन्वयमा स्थानीय सरकारबाट गरिनेछ।

(घ) आरसिसिई इकाईको लागि व्यवस्था गरिएको बजेटको परिचालन जोखिम सञ्चार तथा सामुदायिक सहभागिता गतिविधिहरू जस्तै: तालिम, पाठ्यक्रम विकास, सन्देश विकास, सन्देश प्रवाह र जोखिम सञ्चार तथा सामुदायिक सहभागिता संयन्त्रको क्षमता अभिवृद्धि विकास आदि सञ्चालनका लागि गरिनेछ।

## परिच्छेद ५


## विविध

१०. निर्देशिकाको संशोधन : मन्त्रालयले आवश्यकता अनुसार यो निर्देशिका संशोधन गर्न सक्नेछ।

# अनुसूची १

(दफा ४, उपदफा क)

<u>जोखिम सञ्चार र सामुदायिक सहभागिताका लागि संघीय इकाईको संरचना</u>



## अनुसूची २

(दफा ४, उपदफा घ)

संघीय जोखिम सञ्चार तथा सामुदायिक सहभागिता इकाईको कार्य विवरण

जोखिम सञ्चार तथा सामुदायिक सहभागिता संयोजक (आरसिसिईसी)

- महानिर्देशकको समन्वयमा आरसिसिई इकाईको लागि मनोनित गरिने पदहरूको सूची तयार गर्ने।[1]
- आरसिसिई इकाई सदस्यहरूको सुपरीवेक्षण गर्ने।
- आरसिसिई इकाईका सदस्यहरू तथा अन्य सम्बन्धित सरोकारवालाहरूको सहयोग र समन्वयमा आरसिसिई आकस्मिक योजना बनाउने।
- सामाजिक व्यवहार परिवर्तनका सिद्धान्त र अभ्यासहरूलाई ध्यानमा राख्दै आरसिसिई कार्यक्रमहरूको सञ्चालनार्थ रणनैतिक ढाँचा तयार गर्ने।
- अनुसन्धानको नतिजा र समुदायको पृष्ठपोषणहरूको समीक्षा गरी सामाजिक व्यवहार परिवर्तनका अभियानहरूमा रूपान्तरण गर्ने।
- आरसिसिई गतिविधिहरूको कार्यान्वयन कार्ययोजना अनुरूप भएका छन् भन्ने कुरा सुनिश्चित गर्ने।
- महामारी\विपद्को बेला हुने लान्छना, भेदभाव र अफवाह वा भ्रामक सूचनाहरू रोकथाम र हटाउन जोखिम सञ्चारका र सामुदायिक सहभागिताका गतिविधिद्वारा सुनिश्चित गर्ने।
- राष्ट्रिय अन्तर्राष्ट्रिय आरसिसिई मार्गदर्शन अनुसार हुनेगरी आरसिसिईका गतिविधिहरू कार्यान्वयन भएको सुनिश्चित गर्ने र आरसिसिई समन्वय बैठकहरूमा प्रतिनिधित्व गर्ने।
- सबै आरसिसिई गतिविधिहरूको अनुगमन गर्ने र चुनौती, सफलताका कथा, घटना अध्ययन र अन्य महत्वपूर्ण दस्तावेजहरूका नियमित अभिलेखिकरण र प्रतिवेदन भए नभएको सुनिश्चित गर्ने।

---

[1] यो सूची आरसिसिईसिद्वारा तयार गरिनेछ। उम्मेदवारहरूको सूची हरेक वर्ष अद्यावधिक गर्नुपर्नेछ। सूचीले विभिन्न जनस्वास्थ्य आपत्कालीन परिदृश्यहरूको लागि आवश्यक पर्ने जनशक्तिलाई एकीकृत गरेको हुनुपर्छ। सूचीमा भएकालाई वार्षिक तालिम दिनुपर्नेछ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, विश्व स्वास्थ्य संगठन र यूनिसेफसँगको सहकार्यमा यस्ता तालिमको विकास र सञ्चालनको लागि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र सम्पर्क बिन्दु हुन सक्नेछ।

- व्यवहार परिवर्तनका लागि आमसञ्चारका विभिन्न प्रविधिहरूको प्रयोग गर्न आरसिसिई इकाईका सदस्यहरूलाई सुझाव दिने।
- विभिन्न सञ्चार माध्यमबाट प्रभाव हुने सन्देश तथा सूचनाका सामग्रीहरूको समीक्षा गर्ने र विभिन्न तहका आरसिसिई इकाईसँग समन्वय गरी एकरूपता कायम गर्ने।
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्तालाई जोखिम संचारको लागि सहजीकरण गर्ने।

<u>महामारी\ विपद् सूचना संयोजक (डिआइसी)</u>

- आरसिसिई संयोजकसँग समन्वय र सहकार्य गरी आरसिसिई वार्षिक योजना विकास गर्ने।
- इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा र राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रबीच प्रभावकारी समन्वय कायम गर्ने।
- वर्तमान र संभावित महामारी\विपद्को सम्बन्धमा इपिडिमियोलोजी तथा महामारी व्यवस्थापन शाखाबाट प्राप्त जानकारीको आधारमा सक्रिय भएर स्वास्थ्य जोखिम अनुगमन तथा मूल्याङ्कन गर्ने र आरसिसिई संयोजकलाई सजग\जानकारी गराउने।
- इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले तयार गरेको प्रतिवेदनहरू जस्तैः स्थिति प्रतिवेदन, मार्गदर्शन आदि आरसिसिई संयोजकलाई उपलब्ध गराउने।
- आरसिसिई इकाईद्वारा तयार गरिने सन्देश, मार्गदर्शन पुस्तिका र अन्य समाग्रीहरूको विकासमा प्राविधिक तथ्यपरक रायसुझाव तथा पृष्ठपोषण प्रदान गर्ने।
- आरसिसिई इकाईमा प्राप्त हुने अफवाह, भ्रामक सूचना र जिज्ञासाहरूको सम्बोधन गर्न प्राविधिक रायसुझाव प्रदान गर्ने।

<u>विषयसामग्री र सन्देश संयोजक (सिएमसी)</u>

- महामारी वा विपद्हरूसँग सम्बन्धित सूचना तथा जानकारी शीघ्र प्राप्त गर्ने संयन्त्रको विकास तथा स्थापना गर्ने।
- महामारी वा विपद्हरूसँग सम्बन्धित मिडिया संयोजक, डिपिओ संयोजकबाट आएका प्रतिवेदनहरूको परीक्षण गर्ने र प्रतिवेदन तथा बैठकका नोटहरू सरोकारवालाहरूको आवश्यकता अनुरूप हुनेगरी सूचना तथा संदेश तयार गर्ने।
- लक्षित वर्गको संस्कृति र भाषामैत्री हुनेगरी सन्देश र सामग्रीहरू तयार गर्ने।

- परिस्थिति-विशेष तथ्यपत्र, प्रश्नोत्तर र अद्यावधिक दस्तावेजहरू तयार गर्न विषयविज्ञसँग मिलेर कार्य गर्ने।
- सार्वजनिक एवम् साझेदार संस्थाका अनुगमन प्रणालीले गरेका आमसञ्चार विश्लेषणको आधारमा सन्देशहरूलाई तथा मिडिया संयोजकले प्रदान गरेका रायसुझावलाई समायोजन गर्ने।
- विभिन्न हल्ला, गलत\भ्रामक सूचना तथा जानकारी र विभिन्न स्रोतहरूबाट सङ्कलन गरिएका चासो तथा जिज्ञासाहरूको जवाफ दिन प्रश्नोत्तर सङ्गालो तयार गर्ने।
- महामारी वा विपद्को समयमा चाहिने सूचना सामग्री विकासको आवश्यकता पहिचान गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने।
- आरसिसिई संयोजकसमक्ष प्रतिवेदन पेश गर्ने।

<u>मिडिया संयोजक (एमसी)</u>

- मिडियाहरूको आवश्यकताको लेखाजोखा गर्ने र ती आवश्यकता परिपूर्ति गर्ने संयन्त्रहरूको व्यवस्था गर्ने।
- मिडियाहरूको सम्पर्क सूची विकास गर्ने र कल लगहरूको अभिलेख राख्ने।
- मिडिया एडभाइजरी र प्रेस रिलिजहरू तयार गरी वितरण गर्ने।
- तथ्यपत्रहरू वा बी-रोल (टेलिभिजन स्टेसनलाई वितरण गरिने पृष्ठभूमि भिडियो, जसमा कहिलेकाहीं अन्तर्वार्ता साउन्ड बाइटहरू समावेश हुन्छ) जस्ता सामग्री तयार गरी वितरण गर्ने।
- मिडियामा आएका कुरा सही छ छैन (जस्तै विश्लेषण प्रवृत्तिहरू, चासो वा सरोकारहरू र गलत वा भ्रामक जानकारीहरू) भनी हेर्न मिडिया अनुगमन प्रणाली र रिपोर्टहरू एवम् मिडिया वेवसाइट समेतको सुपरीवेक्षण गर्ने।
- मिडिया सम्पर्कको रूपमा स्थलगत टोलीको सदस्यको रूपमा कार्य गर्ने।
- सञ्चारगृह\माध्यम (छापा, टि.भी., रेडियो, वेब, सामाजिक सञ्जाल आदि) तथा सञ्चारकर्मीहरूको डाटाबेस तयार गर्ने र सूचना तथा सन्देश प्रवाहको लागि सम्बन्धित मिडियाको सम्पर्क व्यक्तिहरूको पहिचान गर्ने।
- जनभावनाको ताजा अवस्था थाहा पाउन र सङ्कटको अगावै रोकथामसम्बन्धी मिडिया अनुगमन तथा सञ्चार योजना तयार गर्ने, सोही बमोजिम अनुगमन गर्ने र विकसित परिस्थिति अनुरूप परिवर्तन गर्दै लागू गर्ने।

- सङ्कटसँग सम्बन्धित गतिविधिहरू र सवालहरूको कभरेज बढाउन पत्रकार र सञ्चार माध्यमहरूसँग सम्बन्ध विकास गर्ने।
- लेख, प्रेस रिलिज, मानवहितका कथाहरू र अन्य पैरवी\सूचना सामग्रीहरूको मस्यौदा तयार गर्ने र त्यसलाई सम्पादन गर्ने।
- आरसिसिई संयोजक र प्रवक्तालाई आवश्यक सहयोग गर्ने।
- आरसिसिई संयोजकसमक्ष प्रतिवेदन पेश गर्ने।

<u>प्रत्यक्ष जनसम्पर्क संयोजक (डिपिओसी)</u>

- टेलिफोन सूचना लाइन जस्तै कल सेन्टर र सार्वजनिक इमेल प्रत्युत्तर प्रणालीलाई (पब्लिक इमेल रेस्पोन्स सिस्टम) क्रियाशील बनाउने कार्यमा सक्रिय रूपमा सहभागी हुने।
- हल्ला, गलत\भ्रामक सूचना र सर्वसाधारणको चासो\जिज्ञासा सङ्कलन गर्ने सुनुवाइ बिन्दुको रूपमा कार्य गर्ने।
- कल सेन्टरको माध्यमबाट यी कुराहरूको सम्बोधनका लागि विषय सामाग्री तथा सन्देश सिएम संयोजकसँग समन्वय गर्ने।
- सर्वसाधारणमा प्रवाह, प्रसारण तथा वितरण गरिने जनहितका सन्देश, जानकारी, पर्चा र अन्य सूचना सामाग्रीको विकासमा सक्रिय सहभागी हुने।
- आपत्कालीन प्रतिकार्यका वेवसाइट र वेवपेजहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने।
- अन्य आपत्कालीन प्रतिकार्यका वेवसाइटहरूसँग लिंक स्थापना गर्ने र त्यसलाई कायम राख्ने।
- सर्वसाधारणका लागि कुन जानकारी उपलब्ध छ र उक्त जानकारी सही छ छैन (जस्तै विश्लेषण प्रवृत्तिहरू, चिन्ता र गलत\भ्रामक जानकारीहरू) विश्लेषण गरी रिपोर्ट तयार गर्ने।
- लक्षित समूहको सञ्चारसँग सम्बन्धित आवश्यकता पहिचान गर्ने।
- सर्वसाधारण पाठक\दर्शक\श्रोता वा सङ्कटमा परेकाहरू र सरोकारवालाहरूसम्म पुग्न सञ्चार योजनाहरू विकास गर्ने।
- आरसिसिई इकाईका गतिविधिहरूबारे समुदायबाट पृष्ठपोषणको संकलनका लाागि प्रदेश, जिल्ला र स्थानीय आरसिसिई इकाई तथा साझेदार निकायहरूसँग समन्वय गर्ने।
- आरसिसिई संयोजकसमक्ष प्रतिवेदन पेश गर्ने।

साझेदार\सरोकारवाला संयोजक (पिसी)

- साझेदारहरूसँग नियमित छलफल गरी जानकारीहरू अद्यावधिक गर्ने।
- साझेदारहरूबाट प्राप्त भएको पृष्ठपोषणको आधारमा उनीहरूको जिज्ञासाको सम्बोधन गर्दै आवश्यक सहयोग गर्ने ।
- साझेदार\सरोकारवालाहरूले तयार गरेका प्रतिवेदन, वेवसाइट, समाजिक संजालको अनुगमन तथा सुपरीवेक्षण गरी सूचना र जानकारी सही छन् (जस्तै विश्लेषण प्रवृत्तिहरू, चिन्ताका विषय र गलत\भ्रामक जानकारीहरू) भन्ने कुराको सुनिश्चित गर्ने।
- साझेदार वा सरोकारवालाहरूबाट रायसुझाव लिन र जानकारी प्रदान गर्न बैठकहरूको आयोजनामा सहजीकरण गर्ने।
- विशेषहित समूहको अनुरोध तथा जिज्ञासालाई सम्बोधन गर्न साझेदार\सरोकारवालाहरूसँग समन्वय गर्ने।
- आरसिसिई संयोजक समक्ष प्रतिवेदन पेश गर्ने।


हल्ला तथा गलत सूचना\अफवाह नियन्त्रण संयोजक (आरसिसि)

- आन्तरिक तथा बाह्यसञ्चारको अनुगमन गर्ने।
- सञ्चारको गुणस्तरमा पृष्ठपोषण प्रदान गर्ने।
- गलत सूचना र अफवाहहरूको स्रोत तथा माध्यम पहिचान गर्ने।
- सबै अफवाहहरू सत्यतथ्यमा आधारित जानकारीद्वारा शीघ्र सम्बोधन गरिएका छन् भन्ने सुनिश्चित गर्ने।
- विभिन्न स्रोतहरूबाट सङ्कलन गरिएका गलत सूचना र अफहवाहहरूको सङ्गालो तयार गर्नका लागि सम्बन्धित आरसिसिई इकाईका संयोजकहरूसँग समन्वय गर्ने।
- आरसिसिई संयोजकसमक्ष प्रतिवेदन पेश गर्ने।

# अनुसूची ३

(दफा ७ उपदफा क)

<u>आरसिसिई इकाईको जोखिम सञ्चार तथा समन्वय प्रवाह</u>




माथिको चित्रले सरकारका सबै तीनवटा तह अर्थात् संघ, प्रदेश र स्थानीय तहमा रहेका आरसिसिई इकाई र आरसिसिई सम्पर्क व्यक्तिको दोहोरो जोखिम सञ्चार प्रवाहलाई देखाउँछ। यस जोखिम सञ्चार विपद्पूर्व (पूर्वतयारी र अल्पीकरण) चरणमा सञ्चालन हुन्छ र जनस्वास्थ्य आपत्काल\विपद्को समयमा यसको प्रतिकार्य योजनालाई क्रियाशील बनाउँछ। यो योजना आपत्काल (जनस्वास्थ्य आपत्काल\विपद्) घोषणा गरेको समयमा मात्र नभएर सङ्कटको अग्रिम रोकथाममा समेत क्रियाशील रहनेछ। आरसिसिई इकाई समन्वय संयन्त्रले पनि यही चार्टको अवलम्बन गर्नेछ।